"सामुहिक रुपमा कार्य गरे हरेक कुरा सम्भव छ"

# नेपाल स्वाथ्य सेवा सहकारी संस्था लिमिटेड (नेको नेपाल)



**प्रस्तावित मनमोहन मेमोरियल मेडिकल कलेज शिक्षण अस्पताल**

## १. पृष्ठभूमि (Background) :

देशमा छरिएर रहेको पूँजीलाई सहकारीको माध्यमबाट एकीकृत गरी गुणस्तरीय स्वाथ्य सेवा प्रदान गर्न तथा दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिई नेपाली राजनीतिका शिखर पुरुष, नेपाल र नेपाली जनताको सम्बृद्धिका लागि आफ्नो जीवनको ५० वर्ष निरन्तर संघर्ष गर्नु भएका नेपाली जनताको आस्थाका धरोहर महान् नेता एवं पूर्व प्रधानमन्त्री स्व.मनमोहन अधिकारीको स्मृतिलाई शिक्षा र स्वास्थ्यको माध्यमबाट चीरस्थायी बनाउन अस्पताल खोली जनसेवा गर्ने उद्देश्यले मिति २०६२ साल चैत्र ४ गते "**नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.** (**नेको नेपाल**)" को स्थापना गरिएको हो ।

नेको नेपाल अन्तर्गत काठमाण्डौं, ठमेलमा २०६३ जेष्ठ १ गतेदेखि १०० शैयाको **मनमोहन मेमोरियल सामुदायिक अस्पताल** सञ्चालन भईरहेको छ । यसैगरि ललितपुर उपमहानगरपालिका वडा नं ४ नख्खु बजारमा स्वास्थ्य क्षेत्रका ७ वटा कार्यक्रमहरु आफ्नै भवनमा सञ्चालन गरिएको छ ।

शुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा, योग्य एवं दक्ष स्वास्थ्य जनशक्ति उत्पादन र स्वास्थ्य अनुसन्धानका लागि "उत्कृष्ट केन्द्र" (Center of Excellence) निर्माण गर्ने सोच अनुसार नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.(नेको नेपाल) अन्तर्गत शिक्षण अस्पताल स्थापना गर्न "**मनमोहन मेमोरियल ईन्ष्टिच्युट अफ मेडिकल साईन्सेस्**"(MMIMS) स्थापना गरिएको छ । यो कलेज (MMIMS) राष्ट्रिय-अन्तर्राष्ट्रिय सहयात्री निकाय, कलेज, विश्वविद्यालय आदि सँग सम्पर्क समन्वय एवं सहकार्य गरी आफ्नो लक्ष्य प्राप्त गर्न प्रतिबद्ध छ । शिक्षा सेवा र स्वास्थ्य अनुसन्धानको संयुक्त प्रयासले क्षमतावान्, सामाजिक रुपले स्वीकार्य एवं अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त योग्य एवं दक्ष स्वास्थ्य जनशक्ति निर्माण गर्न सकिन्छ भन्ने कुरा यस संस्थाले विश्वास लिएको छ ।

## २. अवस्थिति

कामपा-१५, स्वयम्भुस्थित चक्रपथसँगै जोडिएको २४ रोपनी (१२२०७ वर्ग मिटर) जग्गामा मनमोहन मेमोरियल मेडिकल कलेज र सो स्थानको करिब ८ कि.मि. पश्चिम बलम्बुमा रहेको ७५ रोपनी (३८१४८ वर्ग मिटर) जग्गामा शैक्षिक भवन, छात्रावास एवं शिक्षक आवास भवनहरु रहनेछन् ।

## ३. हालसम्मका उपलब्धिहरू :

क) सहकारीमा हालसम्म करिब १५०० शेयर सदस्यहरु रहनु भएको छ ।
ख) ठमेलमा १०० शैयाको "मनमोहन मेमोरियल सामुदायिक अस्पताल" चार वर्षदेखि सञ्चालन भई रहेको छ ।
ग) अस्पताल भवनको डिजाईन तयार भै सकेको छ ।
घ) परियोजना प्रस्ताव तयार भैसकेको छ ।
ङ) भवन निर्माण स्थलको माटो जाँच (Soil test) भैसकेको छ ।
च) EIA रिपोर्ट तयार हुने क्रममा छ ।
छ) शिक्षा मन्त्रालयबाट मेडिकल कलेज स्थापना गर्न मनशाय पत्र (Letter of Intent) प्राप्त भैसकेको छ ।
ज) दश वर्षीय शैक्षिक गुरुयोजना तयार गरिएको छ ।
झ) शिक्षण अस्पताल निर्माण गर्न २४ रोपनी (१२२०७ वर्ग मिटर) जग्गा स्वयम्भुमा संस्थाको नाममा खरिद भैसकेको छ ।
ञ) शैक्षिक भवन, छात्रावास, आदिको लागि ७५ रोपनी (३८१४८ वर्ग मिटर) जग्गा थानकोट (वलम्बु) मा व्यवस्था भैसकेको छ ।
ट) ललितपुर नख्खुमा १०.५ रोपनी (५२४५.३५ वर्ग मिटर) जग्गामा एउटा ४ तले, एउटा २ तले र एउटा एक तलाको भवनमा स्नातक स्तरको बिएस्सी नर्सिङ, ब्याचलर अफ नर्सिङ, ब्याचलर अफ फार्मेशी, बि.पि.एच. जस्ता शैक्षिक कार्यक्रमहरु र सामान्य चिकित्सा (H.A.), ल्याब टेक्निसियन एवं स्टाफ नर्स जस्ता डिप्लोमा स्तरका कार्यक्रमहरु संचालन भैरहेका छन् ।
ठ) राष्ट्रिय अन्तर्राष्ट्रिय मानव संसाधनको उपलब्धता, सुनिश्चितता भएको छ ।
ड) सर्लाहीको लालबन्दीमा क्षेत्रीय अस्पताल निर्माणको लागी कार्य भईरहेको छ ।

## ४. मेडिकल कलेज स्थापनाका आधारहरू :

क) नेपालमा मेडिकल डाक्टरको अभावको ठूलो समस्यालाई सम्बोधन गर्न एवं देशको दुर्गम स्थानमा सेवा गराउने उद्देश्यले मेडिकल डाक्टर उत्पादन गर्नु परेकोले सोअनुसार मेडिकल कलेजको स्थापना औचित्यपूर्ण छ ।
ख) विशेषज्ञ चिकित्साको माध्यमबाट अत्याधुनिक उपकरणबाट आम जनतामा पहुँच पुग्ने अन्तर्राष्ट्रिय स्तरको चिकित्सा सेवा प्रदान गर्न मेडिकल कलेज शिक्षण अस्पताल स्थापना गर्न आवश्यक भएको छ ।
ग) अस्पतालबाट अत्याधुनिक स्वास्थ्य सेवा प्रदान गरी जनतालाई सुविधा र संस्थालाई आत्मनिर्भर बनाउन सकिनेछ ।
घ) ठूलो संख्यामा विद्यार्थीहरु डाक्टर पढन चाहने भए पनि १०% विद्यार्थीले मात्र नेपालमा पढ्न सक्ने विद्यमान मेडिकल कलेजहरुको क्षमताका कारण वर्षेनी हजारौं विद्यार्थी विदेश गई महँङ्गो शुल्क तिरी पढ्न बाध्य छन् । स्वदेशमा पढ्न पाउने अवस्था सृजना हुँदा चिकित्सा शास्त्र अध्ययनको लागि विदेशिने पुँजीलाई स्वदेशमै राख्ने ब्यवस्था गरी राष्ट्रलाई आर्थिक रुपले सवल बनाउन सकिनेछ ।
ङ) योग्य र उत्साही शेयर सदस्यहरुको ठूलो संख्या भएकोले मेडिकल कलेज सञ्चालन गर्न उपयुक्त वातावरण छ ।
च) स्वच्छ हावापानी एवं शैक्षिक वातावरणको कारणले विदेशी विद्यार्थी एवं विशेषज्ञलाई आकर्षण गरी दक्षिण एशिया, अफ्रिका, युरोप एवं अमेरिका सम्म यसको पहुँच पुऱ्याउन सकिनेछ ।
छ) सहकारीको माध्यमबाट पहिलो पटक मेडिकल कलेज एवं शिक्षण अस्पताल स्थापना गरी सानो तथा छरिएको पूँजीबाट पनि ठूला ठूला कार्य गर्न सकिने दृष्टान्त जनतामाझ प्रस्तुत गर्न सकिनेछ ।

## ५. भिजन (Vision) :

गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको माध्यमले नेपाली जनताको जीवनस्तर माथि उठाउनु यस संस्थाको भिजन हो ।

## ६. मिसन (Mission) :

गुणस्तरीय चिकित्सा शिक्षा तथा स्वास्थ्य सेवामा दुर्गम क्षेत्रका जनता, विपन्न एवं सामाजिक रुपले उपेक्षित समुदाय समेतको पहुँच बढाई सम्बृद्ध नेपालको निर्माणमा योगदान पुऱ्याउनु यस संस्थाको मिसन हो ।

## ७. लक्ष्यहरू (Goals) :

शिक्षा, सेवा र अनुसन्धानको माध्यमबाट मनमोहन मेमोरियल मेडिकल कलेज र शिक्षण अस्पताललाई एक "उत्कृष्ट केन्द्र" (Centre of Excellence) बनाउनु यस संस्थाको लक्ष्य रहेको छ । यस संस्थाले सामाजिक रुपमा जिम्मेवार, प्राविधिक रुपमा क्षमतावान र राष्ट्र प्रति प्रतिबद्ध जनशक्ति तयार पार्ने लक्ष्य लिएको छ ।

## ८. उद्देश्यहरू (Objectives) :

क) २४ सै घण्टा आकस्मिक, सामान्य एवं विशेषज्ञ चिकित्सा सेवा सरल रुपमा आम जनतामा पुऱ्याउनु ।
ख) गुणस्तरीय स्वास्थ्य जनशक्ति उत्पादन गर्नु ।
ग) फार्मेशी, नर्सिङ, पब्लिक हेल्थ, चिकित्सा विज्ञानसँग सम्बन्धित समुदायमा आधारित, सहभागितामूलक स्वास्थ्य अनुसन्धान सञ्चालन गर्नु र राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरको वैज्ञानिक जर्नल प्रकाशन गर्नु ।
घ) राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा स्वास्थ्य नीति, चिकित्सा सेवा, आदिको योजना बनाउन सक्ने, कार्यान्वयन गर्न सक्ने एवं मूल्याङ्कन गर्न सक्ने स्वास्थ्य जनशक्ति उत्पादन गर्नु ।
ङ) देशका विभिन्न भागहरुमा सामुदायिक स्वास्थ्य उपचार केन्द्रहरु तथा अस्पतालहरु स्थापना गर्नु ।
च) राष्ट्रिय-अन्तर्राष्ट्रिय निकायहरुसँग शैक्षिक ज्ञान, शीप एवं तालिम सम्बन्धि अनुभव आदान प्रदान, समन्वय एवं सहकार्य गर्नु ।
छ) एचआईभी/एड्स नियन्त्रण, मातृशिशु, स्वास्थ्यसँग सम्बन्धित परियोजनाहरु तथा स्वास्थ्य शिविर लगायतका सामुदायिक कार्यक्रमहरु सञ्चालन गर्नु ।

## ९. भावी योजना :

क) **शैक्षिक :**

संस्थाको उद्देश्यहरु प्राप्तिको लागि मनमोहन मेमोरियल मेडिकल कलेज (MMIMS) ले १० वर्षे गुरु योजना तयार पारिसक्को छ र नेपाल मेडिकल काउन्सिलको निर्देशिका अनुसार शिक्षण अस्पताल र शैक्षिक भवन, पुस्तकालय, खेल मैदान, एवं छात्रावास निर्माण गरिनेछ । सन २०१२ फेब्रुअरीबाट एम बि बि एस मा भर्ना लिईनेछ र ३ वर्षभित्र ९०० बेडको अस्पताललाई पूर्णता प्रदान गरी क्लिनिकल तर्फ एम डी, एम एस र नन् क्लिनिकल तर्फ ह्युमन एनाटोमी, क्लिनिकल फिजियोलोजी, बायोकेमेष्ट्री, फार्माकोलोजी, प्याथोलोजी र फोरेन्सिक मेडिसिनका स्नातकोत्तर तहका कार्यक्रमहरु सञ्चालन गरिनेछन् । यसरी स्वास्थ्य क्षेत्रमा अनुसन्धान, अध्यापन र सेवाले विश्व स्तरको केन्द्रको रुपमा यस मेडिकल कलेजलाई विकास गरिनेछ । ३ वर्षदेखि बि.डि.एस. कोर्षको अध्यापन पनि शुरू गरिनेछ । साथै विशिष्ट विशेषज्ञ (Superspeciality) शैक्षिक कार्यक्रमहरु विद्यावारिधी (Ph.D.) स्तर सम्मको कार्यक्रम सञ्चालन गरिनेछ । यसै क्रममा यस सहकारी संस्थाले **मनमोहन अधिकारी सहकारी विश्वविद्यालय** स्थापना गर्नेछ ।

मेडिकल कलेज र शिक्षण अस्पतालमा क्लिनिकल बायोकेमेस्ट्री, क्लिनिकल फर्माकोलोजी, ह्युमन एनाटोमी, क्लिनिकल फिजियोलोजी, कम्युनिटी मेडिसिन, मेडिकल माईक्रोबायोलोजी, प्याथोलोजी लगायतको नेपाल मेडिकल काउन्सिलको मापदण्ड अनुसारका विभागहरु रहनेछन् ।

ख) **शिक्षण अस्पताल :**

१. **एडभान्स ईमेजिङ एण्ड डायगनोष्टीक सेन्टर :**

अत्याधुनिक सि.टि. स्क्यान तथा एम.आर.आई मेशिनको ब्यवस्था गरी केही क्षणमै शरिरको जुनसुकै भागको परीक्षण गरी उच्च स्तरको स्वास्थ्य सुविधा प्रदान गरिनेछ र रोग निदानका लागि विदेशिने बिरामीको ठूलो संख्यालाई स्वदेशमै रोक्न सकिनेछ । यी बाहेक निदानका निम्न लिखित सुविधाहरु समेत उपलब्ध हुनेछन् ।

क) ५०० एम. ए. क्षमताको डिजिटल प्रविधिको एक्सरे सेवा (CR), आई.सि.यु., बेरियम मिल, ई.आर सि.पी, एच.एस.जी, कोलेन्जियोग्राफि, ई.सि.जि., इको कार्डियोग्राफि, टि.एम.टी., ई.ई.जी., मेमोग्राफि,

ब्रन्कोस्कोपी, स्पाईरोमेट्री, ग्याष्ट्रो ईण्डोस्कोपी, कोलोनोस्कोपी आदीको व्यवस्था हुनेछ ।

ख) शरीरको सबै भागको परीक्षण गर्न सक्ने क्षमताको कलर डप्लर भिडियो एक्सरे सेवा, ई.एम.जी सेवा पल्मोनरी फंक्सन टेष्ट (PFT) को व्यवस्था हुनेछ ।

ग) माईक्रोबायोलोजी, बायोकेमेष्ट्री, हिस्टोप्याथोलोजी, साईटोलोजी, ईम्यूनोलोजी, हेमाटोलोजी, भाईरोलोजी र सेरोलोजीका निदान (Diagnostics) सेवाहरु उपलब्ध हुनेछ ।

घ) ट्रान्सप्लाण्ट ईम्यूनोलोजी र इम्यूनोजेनेटिक्स जस्ता सेवाहरु उपलब्ध हुनेछन् ।

ङ) ५ विकास क्षेत्रमा क्षेत्रीय अस्पतालहरु सञ्चालन गरिनेछ ।

२. **सबै प्रकारका सामान्य तथा विशेषज्ञ बहिरङ्ग सेवाहरु**

३. **आकस्मिक सेवा** : २४ सै घण्टा उपलब्ध हुने गुणस्तरीय साधन सम्पन्न आकस्मिक सेवा ।

४. **रक्तसंचार सेवा** : २४ सै घण्टा उपलब्ध हुने गुणस्तरीय रक्तसञ्चार सेवा ।



५. **अन्तरङ्ग सेवाहरु** (Indoor Service) :
९०० शैयाको अत्याधुनिक सुविधा सम्पन्न साधनद्वारा सुसज्जित शिक्षण अस्पतालमा निःशुल्क शैया, सामान्य शुल्क लाग्ने शैया, दुई शैया कक्ष तथा एक शैया डिलक्स क्याविनहरुको व्यवस्था रहनेछ । अस्पतालभित्र बिरामी भर्ना भई अन्तरङ्ग सेवा दिन सकिने गरी मेडिसिन, सर्जरी, स्त्रीरोग तथा प्रसुति, हाड जोर्नी, बालरोग, नाक कान घाँटी, मानसिक, छाला तथा यौन रोग, आँखा, दन्तरोग, वर्न तथा प्लाष्टिक सर्जरी वार्डहरु रहनेछन् । त्यसैगरि अस्पतालमा विशेषज्ञ सेवाका मुटुरोग, मस्तिष्क तथा स्नायुरोग, छाती तथा हृदय रोग सम्बन्धि चिकित्सा तथा शल्यक्रिया, डायलासिस तथा मृगौला प्रत्यारोपण सेवा र अर्बुद रोग (क्यान्सर) सम्बन्धि सेवाहरुको व्यवस्था हुनेछ । यसैगरि सघन उपचार कक्ष (ICU) हृदयरोग सघन उपचार कक्ष (CCU), शिशु सघन उपचार कक्ष (NICU), बाल सघन उपचार कक्ष (PICU), रेडियोथेरापी, केमोथेरापी, फिजियोथेरापी, खोप तथा परिवार नियोजन सेवा, डट्स क्लिनिक र मधुमेह, कलेजो रोग एवं फोक्सो रोग र मुटु रोगका लागि विशेष सेवाहरु उपलब्ध हुनेछन् । अस्पतालमा ईलेक्ट्रोथेरापी, डायथर्मी, हाईड्रोथेरापी, एक्युपंचर लगायतका विभागहरु हुनेछन् । अस्पतालमा जेष्ठ नागरिकहरुका लागि छुट्टै वार्डको व्यवस्था गरिनेछ ।

६. **विशेष प्याकेज स्वास्थ्य सेवा कार्यक्रम** :

क) शेयर सदस्य परिवार स्वास्थ्य सेवा
ख) विद्यालय स्वास्थ्य सेवा
ग) संस्थागत स्वास्थ्य सेवा
घ) व्यक्ति, परिवार तथा छिमेकी स्वास्थ्य कार्ड सेवा
ङ) स्वास्थ्य बीमा योजना
च) सम्पूर्ण हृदयरोग परीक्षण सेवा
छ) सम्पूर्ण शरीर परीक्षण सेवा
ज) लागू औषध उपचार तथा पूनर्स्थापन केन्द्र
झ) प्रकोप व्यवस्थापन सेवा
ञ) पेशागत रोग उपचार सेवा ।

७. **सामाजिक स्वास्थ्य सेवाहरु** :

क) जेष्ठ नागरिक स्वास्थ्य सेवा
ख) अपाङ्ग नागरिक स्वास्थ्य सेवा
ग) दुर्गम तथा अन्य भागमा निःशुल्क स्वास्थ्य शिविर
घ) दलित, उत्पीडित, विपन्न, दुर्गम क्षेत्रका जनताहरु, मजदुरहरु तथा पत्रकारहरुका लागि स्वास्थ्य सेवामा विशेष सहुलियत ।

८. **तालिम, अनुसन्धान तथा विकास योजना** :
मनमोहन मेमोरियल ईन्स्टिच्युट अफ मेडिकल साईन्सेस् (MMIMS) ले आफ्नै श्रोत एवं राष्ट्रिय-अन्तर्राष्ट्रिय संघ-संस्था, दातृ निकायको श्रोत जुटाई आफ्ना कर्मचारी, शिक्षक, प्राध्यापकको लागि उच्च शिक्षा, तालिम एवं क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु गर्नेछ । साथै यसका लागि राष्ट्रिय-अन्तर्राष्ट्रिय निकाय संघ संस्था, विश्व-विद्यालयहरुसंग आवश्यक सम्पर्क एवं सम्वन्ध स्थापना गर्नेछ । यसैगरि मनमोहन मेमोरियल ईन्स्टिच्युट अफ मेडिकल साईन्सेस् अन्तर्गत एक **तालिम अनुसन्धान एवं अन्तर्राष्ट्रिय सम्वन्ध महाशाखा** खडा गरिनेछ । जसले स्वास्थ्यको बृहत् क्षेत्रमा अनुसन्धान गर्नेछ । मनमोहन मेमोरियल ईन्स्टिच्युट अफ मेडिकल साईन्सेस्ले नेपाल सरकारको स्वास्थ्यसंग सम्बन्धित निकायहरुलाई जनशक्तिको तालिम एवं क्षमता अभिवृद्धि कार्यमा सहयोग पुऱ्याउनेछ ।

## १०. शेयर सदस्यज्यूहरुले पाउने सहुलियत सम्बन्धि ब्यवस्था :

१. अस्पतालमा उपचार गराउँदा शेयर सदस्य (श्रीमान्/श्रीमती)लाई २०% र नीजका परिवारका सदस्यहरुलाई ओपिडी सेवा बाहेक सबै सेवा शुल्कमा १५% छुट दिने ब्यवस्था गरिएको छ ।

२. शेयर सदस्य र नीजका परिवारले वर्षमा एक पटक सम्पूर्ण स्वास्थ्य परीक्षण (Complete Health Checkup) गराउँदा लाग्ने कुल रकमको ३०% छुट दिईनेछ ।

३. मनमोहन मेमोरियल ईन्स्टिच्युट अफ हेल्थ साईन्सेस्मा सञ्चालित कोर्षहरु अध्ययन गरेमा मासिक शुल्कमा १०% छुट दिईनेछ ।

४. शेयर सदस्यका छोराछोरीले मेडिकल डाक्टर पढ्ने अवसर प्राप्त गरेमा शुरुमा भर्ना गर्दा लाग्ने शुल्कमा १०% छुट दिईनेछ ।

५. मृगौला प्रत्यारोपण, मुटुको भल्भ परिवर्तन, क्यान्सर र ब्रेन हेमोरेज जस्तो कडा रोग शेयर सदस्यहरुलाई लागेमा शेयर सदस्यले संस्थामा लगानी गरेको आधारमा न्यूनतम् रु.२०,०००।- देखि अधिकतम् लगानीको १५% सम्म सहयोग दिईनेछ । यसका लागि संस्थामा "**शेयर सदस्य सेवा कोष**" खडा गरिनेछ ।

६. शेयर सदस्यहरुका छोराछोरीहरु मध्ये SLC परीक्षामा सर्बभन्दा उत्कृष्ट अङ्क ल्याउने एक छात्रा र एक छात्र गरि प्रत्येक बर्ष २ जनालाई शैक्षिक प्रोत्साहन स्वरुप रु.२५,००० का दरले सहयोग गरिनेछ ।

७. प्रत्येक वर्ष १०० जना शेयर सदस्यहरुलाई अन्य सहकारीको गतिविधि अध्ययनका लागि प्रति व्यक्ति रु.५,०००।- दिई अध्ययन भ्रमणमा पठाईनेछ ।

८. शेयर सदस्य दुर्घटनामा परि दिवंगत भएमा रु.२,००,०००।- (दुई लाख) र काल गतिले मृत्यू भएमा रु.१,००,०००।- (एक लाख) सम्म पाउने गरी कुनै प्रतिष्ठित बिमा कम्पनीमा बिमा गरिनेछ ।




**मिति २०६७ जेष्ठ ८ गतेको चौथो साधारण सभाबाट निर्वाचित पदाधिकारीहरु :**

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | श्री राजेन्द्रप्रसाद पाण्डे | अध्यक्ष |
| २ | डा. बंशीधर मिश्र | उपाध्यक्ष |
| ३ | ई. रामचन्द्र शाह | ,, |
| ४ | श्री आनन्दप्रसाद पोखरेल | ,, |
| ५ | श्री जीवनप्रकाश शर्मा | ,, |
| ६ | श्री सरला के.सी. | ,, |
| ७ | डा. रामकुमार अधिकारी | सचिव |
| ८ | श्री कृष्णप्रसाद सिंखडा | कोषाध्यक्ष |
| ९ | श्री चिरञ्जीवी चुडाल | सदस्य |
| १० | श्री उत्तमदेवी श्रेष्ठ | ,, |
| ११ | श्री सागर नेपाल | ,, |
| १२ | डा. अरुण मणी दीक्षित | ,, |
| १३ | श्री इन्दिरा पन्त | ,, |
| १४ | श्री शिवकुमारी सिंखडा | ,, |
| १५ | श्री सुवर्णकृष्ण मल्ल | ,, |

**लेखा तथा सुपरिवेक्षण समिति**

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | श्री कमल खरेल | संयोजक |
| २ | श्री देवनारायण चौलागाई | सदस्य |
| ३ | श्री डोल प्रसाद दाहाल | ,, |

**नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.**
**केन्द्रीय कार्यालय, स्वयम्भु, काठमाडौं**
**सम्पर्क : ४०३४५३१, ४२८६०७४**
Email : nehconepal62@gmail.com
website : www.nehco.org